# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

२०७५ मंसिर २३

### आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्‍यो ।

राष्ट्रिय मानव अधिकार आयोगले आयोगको वार्षिक (आ.व. २०७४-२०७५) प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष आज पेश गरेको छ । संविधानको धारा २९४ (१) बमोजिम आयोगका माननीय अध्यक्ष अनूपराज शर्माले उक्त प्रतिवेदन पेश गर्नुभएको हो ।

प्रतिवेदन बुझ्दै सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीले मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय कानूनको पक्ष राष्ट्रको हैसियतले त्यसको पूर्णपरिपालना गर्ने दयित्व राज्यको रहेको बताउनुभयो । मानव अधिकारको सम्मान र संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो भन्नुहुँदै विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षा, लैंगिक अविभेदका विषयहरु समाविष्ट हुनुपर्ने बताउनुभयो । देशमा भैरहेका आपराधिक घटनाहरुप्रति चासो व्यक्त गर्दै घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन तथा पीडितलाई न्याय प्रदान गर्न राज्य जिम्मेवार हुनुपर्ने बताउनुभयो । मानव अधिकारको संरक्षण गर्दै नागरिकका अधिकार र कर्तव्य दुवैलाई सँगसँगै लैजान राष्ट्रिय मानव अधिकार आयोगको महत्वपूर्ण भूमिका रहने बताउनुभयो ।

प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, निर्देशक लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले व्यक्त गर्नुभएको मन्तव्य यसैसाथ संलग्न गरिएको छ ।

मोहना अन्सारी
सदस्य/ प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org